आज मिति २०८२।०७।२५ गते विहीवारका दिन विहानको ८:०० वजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री धुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को चौथो बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | प्रेम वहादुर थापामगर | वडा अध्यक्ष | |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सलस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

अन्य उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | रामचन्द्र लामिछाने | वरिष्ठ शाखा अधिकृत | |
| २ | ओमराम लामिछाने | अधिकृत | |
| | | | |
| | | | |

CamScanner

**मिति २०८२ साल कार्तिक २५ गते मंगलबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को चौथो बैठकको निर्णयहरु**

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०६।२३ गते बसेको आ.व. २०८२/०८३ को तेस्रो बैठकको निर्णय कायान्वयन भएको पाइयो ।</td></tr>
<tr><td>२</td><td>देहायका योजनाहरुको देहाय बमोजिम म्याद थप गर्ने ।
<table>
<tr><th>क्रम संख्या</th><th>ठेक्का नं</th><th>योजनाको नाम</th><th>म्याद थप अवधि</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>02/WORKS/ROAD/LRM/081-82</td><td>शेराको डिल वतासे चौतारो आयुर्वेद हुदै मकैचौर सडक</td><td>२०८२ चैत मसान्त सम्म</td><td></td></tr>
<tr><td>२</td><td>03/WORKS/ROAD/LRM/081-82</td><td>राक्सेखहरे भेडाचौर वमेभन्ज्याङ सडक</td><td>२०८२ चैत मसान्त सम्म</td><td></td></tr>
</table></td></tr>
<tr><td>३</td><td>देहायका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>वजेट स्रोत</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>पन्थको मोड नाकेडाडा महेन्द्र मावि सिमलकोवोट आयुर्वेद भिमसेनस्थान वेलास्पुर ढाँडेफेंदी हुदै ढिकुरेपुल जोड्ने सडक लिखु ३,५ र ६</td><td>पूँजीगत अनुसन्धान र परामर्श</td><td></td></tr>
<tr><td>२</td><td>चौघडा लब्धु जोड्ने झोलुङ्गे पुल तादी खोला सालविसौना लिखु २ र ४</td><td>पूँजीगत अनुसन्धान र परामर्श</td><td></td></tr>
<tr><td>३</td><td>छहरे कवर्डहल निर्माण, लिखु ६</td><td>पूँजीगत अनुसन्धान र परामर्श</td><td></td></tr>
<tr><td>४</td><td>गाउँकार्यपालिकाको प्रशासनिक भवन निर्माण</td><td>„ „</td><td></td></tr>
<tr><td>५</td><td>मल्टिफिल्ड निर्माण</td><td>„ „</td><td></td></tr>
</table></td></tr>
<tr><td>४</td><td>लिखु गाउँपालिकाको गाई भैंसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।</td></tr>
<tr><td>५</td><td>लिखु गाउँपालिकाको आ.व. २०८१/०८२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आजको वैठकमा प्रस्तुत भइ छलफल भयो । प्रतिवेदनले औंल्याएका वेरुजुहरुको सम्वन्धमा अशुल उपर गर्नुपर्ने वेरुजु अशुल उपर गर्ने र सम्वन्धित निकायमा समयभित्रै प्रतिक्रिया पठाउने । साथै उक्त प्रतिवेदनमा उल्लेख भएका सवालहरु कडाइका साथ कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>६</td><td>विपद् व्यवस्थापन अन्तर्गत वागमती प्रदेश सरकारवाट स्वीकृत भइ हस्तान्तरण भएका देहायका योजनाहरु ठेक्का प्रकृया गर्दा समय वढी लाग्ने र भौगोलिक अवस्थाले गर्दा सो ठाउँमा तुरुन्तै कार्य गराउनुपर्ने भएको हुँदा उक्त योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।<br>क) चौघडा वजार वस्ती संरक्षण तादी खोला लखिु ४ रु १५ लाख<br>ख) वडा कार्यालय अगाडि वस्ती संरक्षण तादी खोला लिखु ४ रु १५ लाख</td></tr>
<tr><td>७</td><td>विविध</td></tr>
</table>

क) लिखु गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि क्यान्टीन संग सम्झौता गरी प्रति कर्मचारी प्रतिदिन बढीमा रु ७५।०० का दरले खर्च हुने गरी खाजा सुविधा उपलब्ध गराउने निर्णय गरियो । उक्त रकम चालु तर्फको विविध खर्चबाट व्यवस्थापन गर्ने ।

ख) चालु आ.व. को संघीय सशर्त अनुदान सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सन्चालनको लागि देहायका स्थानहरु छनौट गर्ने ।

१) लिखु २ अन्तर्गत घलेगाउँटोल, शिखरकठेरी र पाउँदुरे

२) लिखु ३ अन्तर्गत चाम्वोटेटोल, पाडेगाउँ र काजीगाउँ दलित वस्ती

ग) लिखु गाउँपालिकाको उर्जा विकास उपसमिति गठन तथा सन्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने र सो कार्यविधिको परिच्छेद २ दफा ३ बमोजिम देहायका पदाधिकारी रहेको उर्जा विकास उपसमिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक : सीताराम पुलामी मगर
२. सदस्य : सुमन भण्डारी
३. सदस्य : मीना राई
४. सदस्य : ज्ञानी रोक्का
५. सदस्य : निकिशा राई
६. सदस्य : चम्फा राजभण्डारी

संरक्षक : उपाध्यक्ष श्री सुभद्रा अधिकारी उप्रेती

सल्लाहकार : १. प्रमुख प्रशासकीय अधिकृत्
२. पूर्वाधार विकास समिति संयोजक

घ) लिखु गाउँपालिकाको (घ) वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ बमोजिम इमानुयल इन्जिनियरिङ एण्ड सप्लायर्स प्रालि लिखु ४ नुवाकोटलाई (घ) वर्गको निर्माण व्यवसायी इजाजत प्रदान गर्ने ।

ङ) लिखु गाउँपालिका अन्तर्गत वडा नं ६ कालोढुंगा स्थित खेलकुद मैदान परापूर्व काल देखिनै प्रयोगमा आइरहेको र उक्त जग्गा सरकारी बाँझो जग्गा भएको साथै सो जग्गाको संरक्षण तथा स्वामित्व लिखु गाउँपालिकाले गर्दै आएको हुँदा उक्त जग्गा खेलकुद प्रयोजनको लागि मात्र प्रयोग गर्ने र सोही स्थानमा विगत आ.व. हरुमा संघीय, प्रदेश र स्थानीय पालिका एवं अन्य निकायहरुवाट वजेट विनियोजन गरी डिपिआर तयार गरी खेलकुद मैदान निर्माण सम्वन्धी कार्य हुँदै आएकोले यस आ.व. मा पनि राष्ट्रिय खेलकुद परिषद्वाट कवर्ड हल निर्माणको लागि विनियोजित वजेट सोही स्थानमा कार्यान्वियनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

च) साविक थानसिंह वडा नं. ८ हाल लिखु गाउँपालिका वडा नं ५ को कित्ता नं. ३०० को सार्वजनिक जग्गा लिखु गाउँपालिकाको मातहत भित्र रहेको र उक्त कित्तामा प्रदेश सरकार मार्फत विनियोजित बजेटवाट कवर्ड हल , गाउँपालिकावाट विनियोजित वजेट मार्फत युवा क्लव भवन निर्माण तथा धुलिखेल अस्पताल मार्फत सामुदायिक स्वास्थ्य सेवा पनि सोही स्थानमा सन्चालनमा रहेकोले उक्त कित्ता नं. ३०० को जग्गाको पूर्व उत्तर पटि रहेको खाली जग्गामा वागमती प्रदेश, सामाजिक विकास मन्त्रालयबाट सन्चालन हुने योजना (ज्येष्ठ नागरिक आश्रम, कल्छे लिखु ५) निर्माणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

छ) देहायका योजनाहरु देहाय बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने ।

| साविक योजनाको नाम | विनियोजित वजेट रु | संसोधित योजनाको नाम | विनियोजित वजेट रु |
|---|---|---|---|
| दोब्राटे सितलपाटी प्रतिक्षालय निर्माण, लिखु ५ | ४ लाख | दोवाटे सितलपाटी प्रतिक्षालय मर्मत तथा समाग्री व्यवस्थापन, लिखु ५ | ४ लाख |
| वगरवजार प्रतिक्षालय | २ लाख | वगरवजार प्रतिक्षालय | २ लाख |

लिखु-६ लिखु-२ मिना

ज) महेन्द्र महेशदेव मा.वि., बस खरिद कार्यको लागि साना पूर्वाधार शीर्षकवाट रु १० लाख उपलब्ध गराउने निर्णय गरियो ।

झ) कुमालठाटी खादखोला हुदै ज्योतिकुन्ज गेट सडक स्तरोन्नी लिखु ६ को लागि साना पूर्वाधार शीर्षकबाट रु ५ लाख विनियोजन गर्ने ।

ञ) इलाका प्रहरी कार्यालय, ढिकुरे नजीक नाली व्यवस्थापनको लागि ४ लाख साना पूर्वाधार शीर्षकवाट विनियोजन गर्ने ।

ट) ड्यामसाइट हुदै नयाँवस्ती कृषि बाटो स्तरोन्नती लिखु ४ को लागि साना पूर्वाधार शीर्षकवाट रु २ लाख विनियोजन गर्ने ।

ठ) सार्वजनिक जग्गा संरक्षण, लिखु ६ को लागि साना पूर्वाधार शीर्षकवाट रु ३ लाख विनियोजन गर्ने ।

ड) नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं. २०८२/०८३ (वजेट) च.नं. ११८ मिति २०८२/०६/०७ को पत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; स्थानीय तह समन्वय शाखाको च.नं. ११३ मिति २०८२।०६।०८ को प्राप्त पत्रानुसार नेपाल सरकार मन्त्रीपरिषद्वाट मिति २०८२।०६।०५ मा आयोजनाहरुको पुन: प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम गर्ने सम्वन्धी परिपत्र अनुसार रु १० लाख भन्दा वढीका योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगरी ठेक्का प्रकृयावाट गर्नुपर्ने भन्ने भएकोमा सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण आदेश बमोजिम गर्ने निर्णय गरियो ।

ढ) गड्खार सिंचाइ जल उपभोक्ता समुह लिखु ४ को पत्रानुसार उक्त सिंचाइ योजना मर्मत सुधारको लागि आवश्यक वजेट विनियोजन गरिदिन आर्थिक मामिला तथा योजना मन्त्रालय, वागमती प्रदेश हेटौंडालाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

ण) संघीइ सशर्त अनुदान कार्यक्रम अन्तर्गत उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक एकमुष्ट शीर्षकमा रु ८५४०००।०० वजेट विनियोजन भइ आएकोमा सो को लागि आवश्यक उद्यम विकास सहजकर्ता सहायक चौथो पद संख्या २, २०८३ असार मसान्त सम्मको लागि करार सेवामा पदपूर्ति गर्न देहायको पदपूर्ति समिति गठन गरी पदपूर्ति प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत संयोजक
२. सूचना प्रविधि अधिकृत सदस्य
३. वरिष्ठ शाखा अधिकृत (प्रशासन) सदस्य सचिव

त) संघीय विशेष अनुदान कार्यक्रम अन्तर्गत स्वीकृत भएको महिला लक्षित सिपमुलक कार्यक्रम देहाय बमोजिम स्वीकृत गरी सन्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं | कार्यक्रमको नाम | ईकाई | परिणाम | लागत खर्च (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | उन्नत बीउ उत्पादन तथा विक्रि वितरण सम्बन्धी तालिम | १ | पटक | ४ | |
| २ | आलुचिप बनाउने तालिम | १ | पटक | २५ | |
| ३ | दुना टपरी बनाउने तालिम | १ | पटक | २५ | |
| ४ | ग्रामिण भेगको लागि बेसार खेती कार्यक्रम | १ | पटक | ६ | |
| ५ | दुधजन्य पदार्थमा पोसिलो घास उत्पादन तथा विक्रि भण्डारण कार्यक्रम | १ | पटक | ६ | |
| ६ | ब्यूटिसिन सम्वन्धी डिप्लोमा | १ | पटक | ५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | तालिम | | | | | |
| | | ७ | सिलाई बुनाई सम्बन्धी बेसिक तथा डिप्लोमा तालिम | १ | पटक | १० | | |
| | | ८ | स्थानीय लोक प्रवर्धन कार्यक्रम | १ | पटक | १२ | | |
| | | ९ | स्वच्छ वातावरणको लागि सेनेटरी प्याड र वातावरण मैत्री झोला उत्पादन | १ | पटक | ९ | | |
| | | १० | एकल महिला प्रोत्साहन तथा जीविकोपार्जन कार्यक्रम | १ | पटक | १२ | | |
| | | ११ | द्वन्द्व प्रभावित महिला उत्थान कार्यक्रम | १ | पटक | २ | | |
| | | १२ | जीवन उपयोगी कार्यक्रम | १ | पटक | ७ | | |
| | | १३ | बासवाट उत्पादित सामाग्री तयार गर्ने तालिम | १ | पटक | ५ | | |
| | | १४ | वडा स्तरिय प्रसार योजना कार्यक्रम | ६ | पटक | २ | | |
| | | | | | | | | |
| | | | जम्मा | | | १३० | | |